बैठक संख्या : ०२

आज मिति २०८१ साल भाद्र महिनाको २४ गते सिंजा गाउँपालिका अध्यक्ष श्री पूर्ण प्रसाद धितालको अध्यक्षतामा बसेको कार्यपालिका बैठकले तपशिल बमोजिको उपस्थितीमा निम्न बमोजिमका प्रस्ताबहरुमाथी छलफल गरि निर्णय पारीत गर्यो ।

## उपस्थिती

| | |
|---|---|
| १. पूर्ण प्रसाद धिताल | अध्यक्ष |
| २. सितली रोकाया | उपाध्यक्ष |
| ३. हरि नन्द आचार्य | कार्यपालिका सदस्य |
| ४. तिर्थ वड | कार्यपालिका सदस्य |
| ५. स्वामी प्रसाद उपाध्याय | कार्यपालिका सदस्य |
| ६. गोविन्दा बुढा | का.वा. अध्यक्ष वडा नं. ४ |
| ७. कृष्ण बहादुर रोकाया | कार्यपालिका सदस्य |
| ८. लाल बहादुर बुढा | कार्यपालिका सदस्य |
| ९. राज पुरा दमाई | कार्यपालिका सदस्य |
| १०. रुपक्यौडा बिस्ट | कार्यपालिका सदस्य |
| ११. दन्ता कामी | कार्यपालिका महिला सदस्य |
| १२. मागी वड | कार्यपालिका महिला सदस्य |
| १३. हरि चन्द्र शार्की | कार्यपालिका दलित सदस्य |
| १४. मोती दमाई | कार्यपालिका दलित सदस्य |
| १५. ललित जंग रोकाया | नि.प्रमुख प्रशासकीय अधिकृत |

## प्रस्तावहरु

१. बिधुत प्राधिकरणको जग्गा सिफारिस सम्बन्धमा ।

२. गाउँ शिक्षा समितीको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

३. वाल बिबाह मुक्त गाउँपालिका पञ्च बर्षिय रणनीति पास गर्ने सम्बन्धमा ।

४. साक्षर गाउँपालिका घोषणा गर्ने सम्बन्धमा ।

५. पालिका स्तरीय विपद पूर्ब तयारी तथा प्रतिकार्य योजना पास गर्ने सम्बन्धमा ।

६. आ.ब. ०८१/०८२ को बिषयगत शाखाको कार्ययोजना पेस गर्ने सम्बन्धमा ।

७. पोषणमैत्री स्थानीय तह र वडा घोशणा कार्यविधि २०८१ र (वडा घोषणा) सम्बन्धमा ।

८. गरिवी निवारणका लागि लघु उधम विकास कार्यक्रम मेड्पा कार्यक्रम कार्यक्षेत्र सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १** माथि छलफल गर्दा बिधुत प्राधिकरणलाई उपलब्ध गराउने जग्गा साबिक धापा गा.वि.स वडा नं. ९ हाल सिंजा गा.पा. वडा नं. २ अगस्तीबाँडामा रहेको जग्गा वडा नं. २ को सिफारिस अनुसार पूर्वमा नाग्म गमगढी राजमार्ग पश्चिममा स्याल सामुदायीक बन जानेबाटो उत्तरमा लोक बहादुर विष्ट लगायतको निजी जग्गा र दक्षीणमा सार्वजनिक पाखो रहेको यी चार किल्ला भित्रको हाईटेक नर्सरीसंग जोडीएको जग्गा विधुत प्राधिकरणलाई सव स्टेशन राख्नकालागी जग्गा उपलब्ध गराउन सिफारिस गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २** माथि छलफल गर्दा मित २०८१/०५/१७ गते बसेको गाउँ शिक्षा समितिले गरेका तसिलका निर्णहरु सबै अनुमोदन गर्ने निर्णय सर्वसहमतले पारीत गरियो ।

तपसिल

१. भैरव माद्यमिक बिधालयको माद्यमिक तह (११-१२) गणित शिक्षक सम्बन्धमा ।

२. स्वयम सेवक शिक्षक सहयोग अनुदान सम्बन्धमा ।

३. शिक्षण सहयोग अनुदान सम्बन्धमा ।

४. E. C. D. सहजकर्ता व्यवस्थापन सम्बन्धमा ।

५. शिक्षा दिवस मनाउने सम्बन्धमा ।

**निर्णय नं. ३** माथि छलफल गर्दा बालविवाह मुक्त पालिका सम्बन्धी पञ्च बर्षिय रणनीति पास गर्ने निर्णय पारित गरीयो ।

**निर्णय नं. ४** माथि छलफल गर्दा सिंजा गाउँपालिकाका १ देखि ६ सम्मका वडाहरु आजका मिति बाट असोज १ गते भित्र वडा साक्षर घोषणा गरिसक्नु पर्ने र असोज २ गते सिंजा गाउँपालिकालाई साक्षर पालिका घोषणा गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ५** माथि छलफल गर्दा पालिका स्तरीय विपद पूर्ब तयारी तथा प्रतिकार्य योजना पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** माथि छलफल गर्दा आ.ब. ०८१/०८२ को प्रत्येक बिषयगत शाखाले बार्षिक कार्ययोजना असोज ७ गते भित्र बार्षिक कार्यतालिका कार्यपालिकामा पेस गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ७** माथि छलफल गर्दा पोषणमैत्री स्थानीय तह र वडा घोशणा कार्यविधि सर्वसहमतले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** माथि छलफल गर्दा संघीय सरकारबाट हस्तान्तरण मेड्पा कार्यक्रम आ.व. २०८१/०८२ मा सिंजा गा.पा वडा नं. ४ ५ र ६ मा संचालन गरि मेड्पा निर्देशिका २०७७ अनुसार नयाँ उधमीहरु सिर्जना गर्ने निर्णय सर्वसहमतले पारित गरियो ।